# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
# लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३
च.नं.

मिति:- २०८३/०२/०८

**वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरू (रिटर्नी) सुचीकृत हुने सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित मिति २०८३/०२/०८)

यस बर्दघाट नगरपालिकामा स्थायी बसोबास भई वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति (रिटर्नी) हरूले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान र सीपको उपयोग गरी स्वदेशभित्रै रोजगारी र स्वरोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरतालाई क्रमशः कम गर्न नगरपालिकाको आ.व. २०८२/८३ को स्वीकृत्त कार्यक्रम **"आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा वैदेशिक रोजगारबाट फर्केका उक्त कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिहरुले देहायका आवश्यक कागजातहरु सहित मिति २०८३/०२/१४ गतेभित्र यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा यसै साथ संलग्न ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**आवश्यक कागजातहरु:-**

१. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिप १ थान
२. निवेदकको राहदानीको प्रतिलिपि (नामथर, ठेगाना, पासपोर्ट नं. सहितको पेज, पछिल्लो पटक विदेश जादा लागेको भिसाको पेज, श्रम स्वीकृति र पछिल्लो पटक फर्किदाको एयरपोर्ट अराइभल छाप लागेको पेज सम्पूर्णको १-१ थान।
३. सिपमूलक तालिम लिएको भए सोको प्रमाणपत्र प्रतिलिपि १ थान
४. निवेदकको पासपोर्ट साइजको फोटो १ थान
५. वैदेशिक रोजगारी सम्बन्धी अन्य कागजातहरु भए सो को प्रतिलिपि १ थान

➤ **थप जानकारीको लागि ९८०७४९४०८७, ९८४७०२११८६ मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

...............................
बाबुराम पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

मितिः-..............................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
बर्दघाट नगरपालिका, नवलपरासी (ब.सु.प.) ।

**विषयः आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम मा सहभागि सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा म निवेदक वैदेशिक रोजगारीको क्रममा ........................... देश गई .................. रोजगारीमा संलग्न भई ............................... सीप/ज्ञान हासिल गरी नेपाल फर्किएको छु। बर्दघाट नगरपालिका, रोजगार सेवा केन्द्रद्वारा सञ्चालन गर्न लागिएको **"वैदेशिक रोजगारबाट फर्केका रिटर्नीहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम"** मा सहभागी भई आफ्नो सीपलाई स्वरोजगारमा रूपान्तरण गर्न इच्छुक भएकोले, मलाई उक्त कार्यक्रमको लाभग्राहीमा सूचीकृत गरी पाउन यो निवेदन पेश गरेको छु।

**१. निवेदकको व्यक्तिगत विवरण**

| क्र.सं. | विवरण | उल्लेख गर्नुपर्ने जानकारी |
|---|---|---|
| क) | नाम, थर | |
| ख) | स्थायी ठेगाना (वडा नं. सहित) | |
| ग) | हालको अस्थायी ठेगाना | |
| घ) | नागरिकता नं./ जारी जिल्ला | |
| ङ) | सम्पर्क नं./ ई-मेल | |

**२. बैदेशिक रोजगार सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | उल्लेख गर्नुपर्ने जानकारी |
|---|---|---|
| क) | राहदानी नं. | |
| ख) | श्रम स्वीकृति लिएको मिति (पुनः श्रम स्वीकृति भए सो समेत) | |
| ग) | रोजगारीको लागि गएको देश | |
| घ) | रोजगारीको प्रकार (पेशागत पद/कामको प्रकृति) | |
| ङ) | करार अवधि (वर्ष/महिना) | |
| च) | नेपाल फर्किएको मिति | |
| छ) | हासिल गरेको मुख्य सीप/ज्ञान (प्राविधिक वा व्यवस्थापकीय) | |

**३. संलग्न कागजातहरू (स्व-प्रमाणित प्रतिलिपि)**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
२) राहदानीको प्रतिलिपि (पहिलो र अन्तिम पृष्ठ)
३) बैदेशिक रोजगारका लागि लिइएको श्रम स्वीकृतिको प्रतिलिपि।
४) विदेशबाट फर्किएको प्रमाण

- माथि पेश गरेको सम्पूर्ण विवरण ठीक साँचो छ। मैले तालिममा नियमित उपस्थित भई स्वरोजगारमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु। फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदन दिएको मितिः
सम्पर्क नं.:

| निवेदक |
|---|
| हस्ताक्षरः- |
| नाम, थरः- |
| वडा नं.:- |